मितिः २०७७।५।२०

आदरणीय अभिभावकज्यू,
नमस्कार ।

कक्षा १ को प्रवेश परीक्षामा आफना छोरा/छोरीलाई सहभागी गराउनु भएकोमा धन्यवाद दिन चाहन्छौं । यस प्रवेश परीक्षाको नतिजा विद्यालयको *website:* **www.sxg.edu.np** मा मिति २०७७ भाद्र २७ सेप्टेम्वर १२, २०२०) गते दिउँसो ११:०० बजे प्रकाशित गरिने छ । नतिजाको जानकारी फोन नं. ५१७४०५८ मा फोन गरेर पनि लिन सक्नु हुनेछ । नयाँ विद्यार्थी भर्ना सम्बन्धमा भर्ना छनाट समितिको निर्णय नै अन्तिम हुनेछ । भर्नाको अन्य कार्यक्रम असोज १ गते मात्र हुने जानकारी गराउँदछौं ।

सेन्ट जेभियर्स स्कुल, गोदावरीमा सिमित सिट भएका कारणले गर्दा सबै परीक्षार्थीहरूले यस विद्यालयमा प्रवेश पाउन सक्दैनन तर प्रवेश पाउन नसकेकाहरू अन्य विद्यालयमा गएर पनि राम्रो विद्यार्थी बन्न सक्नेछन भन्ने कुरामा हामी विश्वस्त छौं ।

हामी निम्न महत्वपूर्ण कुराहरूमा तपाइहरुको पुनः ध्यानाकर्षण गराउन चाहन्छौ : हाम्रो विद्यालयमा भर्नाको नाममा तपाइहरूबाट फाइदा लिन खोज्ने व्यक्तिहरूबाट सावधान र सचेत रहनु होला ।

विद्यालयका शिक्षक, कर्मचारी, अभिभावक अथवा कारणले स्कुलसग सम्बन्धित व्यक्तिहरूले भर्नाको लागि कुनै डोनेसन अथवा अन्य फाइदा लिदैनन । यदि तपाइहरूलाई यस्ता व्यक्तिहरूको बारेमा जानकारी छ भने हामीलाई जानकारी सूचित गराउनु होला । यसका अतिरिक्त भर्ना प्रकियामा कुनै पनि व्यक्ति वा संस्थाहरूलाई कोटा पनि दिइएको छैन । हामी कुनै पनि कोचिङ सेन्टर, मन्टेश्वरी वा अन्य स्कुलसग भर्नाको लागि सम्बन्धित छैनौं । यदि कसैले त्यो दावी गर्छ भने त्यो झुटा हो । यदि कहीं कतैबाट यस्ता झुटा आश्वासन दिई भर्ना गरिदिन्छु भनेमा र आर्थिक लेनदेन गरेमा विद्यालयको टे.फो.नं. ०१५१७४०५८ मा फोन गर्न, ०१५१७४०९४ मा फयाक्स गर्न अथवा सिधा सम्पर्क गर्न सूचित गरिन्छ ।

हामी तपाइहरूलाई यस स्कुलमा भर्ना हुनको लागि परा गर्नुपर्ने सम्पूर्ण मापदण्डहरू आफना छोरा/छोरीले परा गर्नेमा पूर्ण विश्वास राख्नहुन अनुरोध गर्दछौ । यदि उनिहरूल भर्नाको लागि सबै मापदण्डहरू परा गरेमा तिनलाई भर्ना लिइने छ भन्ने विश्वास दिलाउन चाहन्छौ । साथै हाल कोभिड १९ को महामारीको अवस्थामा विद्यालयका प्रधानाध्यापकसँग भौतिक रूपमा उपस्थित भई भेटन नसकिने व्यहोरा पनि जानकारी गराउँदछौँ ।

तपाई र तपाईको छोरा/छोरीलाई सफल जावनको शुभकामना र यहाँले देखाउनु भएको धैर्य र सहयोगको लागि धन्यवाद दिन चाहन्छौ ।

फा. सामुएल सिमिक, एस.जे.
प्रधानाध्यापक